# प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
# Premier Insurance Company (Nepal) Ltd.

नारायण चौर, नक्साल, पो.ब.नं. ९१८३, काठमाण्डौ, नेपाल ।
फोनः ४४१३५१३, ४४३९३५३, फ्याक्सः ९७७-०१-४४१३४४२
E-mail- premier@picl.com.np, Web: www.premier-insurance.com.np


## प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लि. को स्वामित्वमा रहेको नागरिक लगानी कोषको संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०३/११ गते)

**आवेदन पेश गर्ने शुरु मिति : २०७८/३/११ गते**
**आवेदन पेश गर्ने अन्तिम मिति : २०७८/३/१८ गते**

यस प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लिमिटेडको स्वामित्वमा रहेको नागरिक लगानी कोषको संस्थापक समूहको १,००,००० कित्ता संस्थापक शेयरहरु बोलकबोल प्रकृयाबाट बिक्री गर्ने यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरुले प्रति कित्ता **रु.१,२००/- (अक्षरेपी एक हजार दुई सय मात्र)** मा नघट्ने गरि निष्काशन शुरु भएको मिति २०७८/०३/११ गतेका दिनदेखि मिति २०७८/०३/१८ गतेभित्र प्रति कित्ता के कति दर भाउमा लिन कबुल गर्ने हो तल उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न सम्बन्धित सबैमा आव्हान गरिन्छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थानहरुः |
|---|---|
| १. | श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं । |
| २. | श्री प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, केन्द्रीय कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३. | **बोलपत्र आवेदन फाराम नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड र प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लिमिटेडको वेवसाइटबाट पनि डाउनलोड गरि लिन सकिनेछ ।** |

**तपसिल**

| **संस्थापक समूहको बिक्री गर्नुपर्ने शेयर : १,००,००० कित्ता** |
|---|

**शर्तहरुः**

१. यस बोलकवोल प्रकृयामा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी वाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन् । आवेदकको प्रबन्धपत्र तथा नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ ।
२. बोलपत्र आवेदन फाराम माथि उल्लेखित कार्यालयहरुबाट रु. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । विद्यमान कोभिड १९ को कारणले कम्पनीमा उपस्थित भै दरखास्त फाराम संकलन गर्न असमर्थ भएमा बिक्री प्रबन्धक वा निष्काशन कम्पनीको वेवसाइटबाट पनि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ तर त्यस्तो डाउनलोड गरी भरिएको फाराम शिल गर्न अगावै दरखास्त फारम बापत लाग्ने रु. १००/- सम्बन्धित कार्यालयलाई भुक्तानी गरी डाउनलोड गरिएको दरखास्त फाराममा सम्बन्धित कार्यालयको छाप अनिवार्य गरिएको छ । माथि उल्लेखित कार्यालयहरुबाट दरखास्त फाराम संकलन गरी आवेदन दिन चाहने आवेदनकर्ताहरुले सम्बन्धित कार्यालयको छाप लगाएको आवेदन फाराम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारामलाई अयोग्य ठहराई बाडफाडमा समावेश गरिनेछैन ।
३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर, रेट अंक र अक्षरमा स्पष्टसग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
४. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१,२००/- (अक्षरेपी एक हजार दुई सय मात्र) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेको आवेदनलाई बोलकबोल मूल्यांकनमा समावेश गरिने छैन ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० (एक सय) कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण १,००,००० कित्ताका लागि आवेदन दिन सकिनेछ ।
६. शिलबन्दी खाम बाहिर "**नागरिक लगानी कोषको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिल बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
७. बोलपत्र दाताले आफूले खरिद गर्न कवोल गरेको शेयर बराबरको रकम बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नबिल बैंक लिमिटेड, चावहिल शाखा, काठमाण्डौमा रहेको खाता नं. ३५०६०१७५००००५ मा Fund transfer (IPS वा RTGS वा अन्य विद्युतिय माध्यम) बाट बुझाएको खण्डमा सो को Transaction Copy को प्रति वा नगद जम्मा गरिएको भए भौचरको सक्कल प्रति वा "Nabil Investment Banking Limited" को नाममा खिचिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque आवेदन साथ संलग्न गर्नु पर्नेछ ।
८. रितपूर्वकको सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जादा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ ।
९. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा दरखास्त फाराममा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ ।
१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
११. प्राप्त बोलपत्रहरु बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।
१२. आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलाल कहा ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण संलग्न गर्नुपर्नेछ ।
१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१४. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी गराइनेछ ।
१५. स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्न यस कम्पनीले निर्णय गरेको तेश्रो कार्य दिन देखि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम चेक वा IPS मार्फत फिर्ता भुक्तानीको व्यवस्था गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकमा कुनै ब्याज प्रदान गरिने छैन ।
१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ । शेयर खरिद कारोबार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नुपर्नेछ ।
१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड वा आधिकारीक निक्षेप सदस्यकहा सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ ।
१८. माथि उल्लेखित शर्तहरुमा जे सुकै कुरा लेखिएको भएता पनि प्राप्त बोलपत्रहरु खोलि वा नखोलि, कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।
१९. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: www. nabilinvest.com.np मा हेर्न सक्नुहुने छ ।

**बिक्री प्रबन्धकः**


NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np